# मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

मधेश प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

जनकपुरधाम, धनुषा

मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

प्रस्तावना: मुख्यमन्त्री (CM) रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालककालागि यस प्रदेशभित्र बसोबास भइ सीप सिकेका उक्त सीपको सदुपयोग गरी स्वरोजगार हुन पुँजी अभावका कारण संक्षम नरहेका गरिब बेरोजगारलाई रोजगारका अवसर प्रदान गर्नका लागि लागत साझेदारीमा ई-रिक्सा/ ई-लोडर खरीद गरी संचालनको लागि अनुदान उपलब्ध गराउन मधेश प्रदेश विनियोजन ऐन, २०८१ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मन्त्री स्तरको मिति २०८२।०२।२६ को निर्णयबाट स्वीकृत गरी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद—१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ भई लागू हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क. "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयलाई सम्झनु पर्दछ ।

ख. "लक्षित वर्ग" भन्नाले दफा ५ अनुसारको व्यक्तिलाई सम्झनु पर्दछ ।

ग. "बेरोजगार" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ को (ङ) ले परिभाषित गरेको व्यक्तिलाई सम्झनु पर्दछ । यस पदावलीले सीप सिकेर स्वदेशमा रही रोजगारी गर्न चाहने वा आयमूलक पेसामा आवद्ध हुन चाहने व्यक्तिहरुलाई समेत बुझाउने छ ।

घ. "गरिब" भन्नाले जीवन निर्वाहका लागि आवश्यक न्यूनतम आधारभुत वस्तु वा सेवाहरुको परिपुर्ति गर्ने क्षमता नभएको अवस्थाको व्यक्ति वा स्थानीय तह/ वडा कार्यालयबाट अनुसूची २ र ४ बमोजिम सिफारीभई आएको व्यक्तिलाई सम्झनु पर्छ।

ङ. "ई-रिक्सा" भन्नाले बैट्रिक बाट उर्जा प्राप्त गरी चालक बाहेक न्यूनतम चार सिट भएको तिन चक्के सवारी ढुवानी साधनलाई सम्झनु पर्दछ ।

## परिच्छेद—२

## कार्यक्रमको लक्ष्य, उद्देश्य र लक्षित वर्ग

३. <u>कार्यक्रमको लक्ष्य</u> : प्रदेश भित्रका वेरोजगार युवा, महिला, वैदेशिक रोजगारीवाट फिर्ता आएका आर्थिकरुपमा विपन्न व्यक्तिहरु र तिनका परिवारका सदस्यहरुलाई ई-रिक्सा/ ई-लोडर संचालन सम्वन्धी रोजगारीका अवसर प्रदान गर्नु हो।

४. <u>कार्यक्रमको उद्देश्य</u> : यस कार्यक्रमले देहाय बमोजिमको उद्देश्यहरु प्राप्त गर्नेछ :-

क. प्रदेश भित्र स्थानीय यातायात क्षेत्रमा उपलब्ध हुने रोजगारीका अवसरहरुमा जोडिन सक्ने साथै प्रदेशको गरिबी र वेरोजगारी समस्या न्यूनीकरणमा योगदान गर्ने,

ख. प्रदेश भित्र संचालकमा रहेका ई-रिक्सा/ ई-लोडर चालक व्यवसायलाई मर्यादित एवं व्यवस्थित गर्ने।

५. लक्षितवर्गः (१) यस कार्यक्रमवाट लाभ लिन सक्ने लक्षितवर्गहरुमा सापेक्ष गरिव एवं वेरोजगार युवा, महिला र वैदेशिक रोजगारीवाट फिर्ता आएका व्यक्ति वा तिनका परिवार सदस्यहरु जसका लागि लक्षितवर्गको योग्यता देहाय अनुसारको हुनेछ ।

क. गरिव एवं वेरोजगार युवा र महिलाहरुका लागि योग्यताः

१. मधेश प्रदेश अन्तर्गत स्थाई वसोवास भएको नेपाली नागरिक।
२. १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको उमेर समूहका वेरोजगार युवाहरु।
३. साधारण लेखपढ गर्न जानेको ।
४. सुकुम्वासी वा वढिमा आफू र परिवार वस्ने एक घरबाहेक सगोल परिवारको नाउँमा अन्यत्र कुनै जग्गा जमिन एवं घर नभएको व्यक्ति।
५. आवेदकको स्थाई वसोवास भएको स्थानीय तह वा वडा कार्यालय अनुसूची-२ अनुसारको गरिव प्रमाणित सहितको सिफारिस ।

ख. वैदेशिक रोजगारीवाट फिर्ता आएका व्यक्तिहरुका घरपरिवारका सदस्यहरु

१. मधेश प्रदेश अन्तर्गत स्थाई वसोवास भएका नेपाली नागरिक।
२. २० वर्ष पूरा भई ४५ वर्ष ननाघेको उमेर समूहका व्यक्ति।

युवराज अधिकारी

३. परिवारको सदस्यले वैदेशिक रोजगारीको क्रममा मानसिक संतुलन गुमाइ स्वदेश फिर्ता आएको व्यहोरा प्रमाणित हुने प्रमाणहरु, वा वैदेशिक रोजगारीको क्रममा परिवारको सदस्य मध्ये कोहि ज्यान गुमाएको भए सोको नाता प्रमाणित वा वैदेशिक रोजगारीको क्रममा मानसिक घात, प्यारालाईसिस, हातगोडा गुमाएको वा अन्य दीर्घ स्वास्थ्य समस्याका कारण आफू र आफ्नो परिवारको जिबिकोपार्जन गर्न असमर्थ भएको व्यक्तिको परिवार सदस्य ।

४. आवेदकको स्थाई बसोबास भएको स्थानीय तह वा वडा कार्यालयवाट अनुसूची-३ अनुसारको सिफारिस।

ग. अन्य गरिब व्यक्तिहरुका लागि योग्यता:

१. मधेश प्रदेश अन्तर्गत स्थाई बसोवास भएको नेपाली नगारिक।

२. ४० वर्ष पूरा भई ५५ वर्ष ननाघेको उमेर समूहका वेरोजगार व्यक्तिहरु ।

३. साधारण लेखपढ गर्न जानेको ।

४. सुकुम्वासी वा बढिमा आफू र परिवार वस्ने एक घरबाहेक सगोल परिवारको नाउँमा अन्यत्र कुनै जग्गा जमिन एवं घर नभएको व्यक्ति।

५. रिक्सा, ई-रिक्सा वा टेम्पु भाडामा लिइ विगत देखि हाल सम्म चलाउदै आएका व्यक्तिहरु।

६. आवेदकको स्थाई बसोवास भएको स्थानीय तह वा वडा कार्यालय वाट अनुसूची-४ अनुसारको गरिब प्रमाणित सहितको सिफारिस।

(२) यस कार्यक्रमका लक्षितवर्गहरु अनुसूची-१ (एक) अनुसारको खाकामा आवेदन गर्नु पर्नेछ ।

## परिच्छेद—३

## कार्यक्रम कार्यान्वयन एवं व्यवस्थापन

६. **कार्यक्रमवाट प्रदान गरिने सेवा एवं अनुदानको सिमा:** (१) यस कार्यक्रमवाट मन्त्रालयले योग्य आवेदकहरुलाई देहाय बमोजिमको सेवा एवं अनुदान प्रदान गर्न सक्नेछ ।

(२) आवेदकहरु छनौट भए पश्चात् ई-रिक्सा चलाउन अनुमति पत्र भएका तथा नभएका समेतको सूची तयार गरिनेछ । छनौटका लागि प्राथमिकता क्रम निर्धारण गर्दा क्रमश: शहिद

परिवार, दलित, दफा ५ को बुंदा (ख) का ३ अनुसारको आवेदक, महिला, मुस्लिम र अल्पसंख्यक जातजाति हुनेछन्।

(३) ई-रिक्सा चलाउन अनुमति पत्र नभएका आवेदकहरुले सम्झौता अवधि भित्र चालक अनुमति पत्र प्राप्त गरिसक्नु पर्नेछ ।

(४) न्यूनतम ३ बर्ष ग्यारेन्टी भएको ब्याट्रिक र एक पटकको चार्जले कम्तिमा १०० कि.मी. यात्रा गर्न सक्ने ई.रिक्साका स्पेसिफिकेसन मन्त्रालयले प्राविधिकहरुको सहयोगमा तयार गर्नेछ ।

(५) स्वीकृत स्पेसिफिकेसन अनुसारको ई-रिक्सा उपलब्ध गराउने ई-रिक्सा आपूर्तिकर्ताहरुलाई मन्त्रालयले सूचीकृत हुन आव्हान गर्नेछ । मन्त्रालयले योग्य आपूर्तिकर्ताहरुको सुची तयार गर्नेछ ।

(६) छनौटमा परेका तिन चक्के सवारी साधनका अनुदान आवेदकहरुलाई मन्त्रालयले अनुसूची-५ अनुसार सम्झौता गरी रोजगारका लागि सवारी साधन खरिदका निमित्त बजार मूल्यको ५० प्रतिशत बराबरको अनुसूची-६ अनुसारको जमानत पत्र प्रदान गर्नेछ ।

(७) रिक्सा खरिद गर्नका लागि छनौटमा परेका आवेदकले थप ५० प्रतिशत आफै वा ऋण प्रदान गर्ने इच्छुक बैंक वा वित्तीय संस्था वा फाइनान्स कम्पनीहरु बाट ऋण लिइ थप गर्न सक्नेछ। ऋण प्राप्तीका लागि छनौटमा परेका आवेदकले आवश्यक सहयोग अपेक्षा गरेमा मन्त्रालयले बैंक वा वित्तीय संस्था संग समन्वय गरी सहजीकरण गर्नेछ ।

(८) जमानत प्राप्त आवेदकहरुले स्वीकृत लागत अनुमानको परिधी भित्र रही आफुलाई पायक पर्ने स्थानको आपूर्तिकर्ताहरुसंग रिक्सा खरिद गर्न पाउनेछन् ।

(९) ई-रिक्सा/ ई-लोडर खरिद अनुदान : आवेदकले ई-रिक्सा खरिद गरेको बिल पेश गरेमा स्वीकृत स्पेशिफिकेसन बमोजिम हुने [illegible] अनुदान राशी सोझै सेवाग्राहीको बैंक खाता मार्फत प्रदान गरिनेछ ।

(१०) सम्झौता बमोजिम आवेदकले ई-रिक्सा/ ई-लोडर खरिद गरेको नपाइएमा मन्त्रालयले उपलब्ध गराइको रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

७. तालिका-१, बजेट बाँडफाँड तालिका (मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम): यस कार्यक्रमलाई प्रभावकारीरुपमा संचालनका लागि स्वीकृत बजेट लाई तपसिल अनुसार बाँडफाँड गरिएको छ:-

| क.स. | खर्चका शीर्षकहरु | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | सेवाग्राहीहरु लाई ई-रिक्सा खरिदका लागि अनुदान रकम | ९६.००% | ई-रिक्सा वितरण |
| २ | अनलाइन आवेदन संकलनका लागि सफ्टवेर निर्माण | १.००% | सेवा खरिद |

| | | | |
|---|---|---|---|
| ३ | प्रस्तावमूल्याङ्कन एवं सिफारीस तथा स्थलगत निरिक्षणका लागि | १.५०% | कार्यान्वयन खर्च |
| ४ | प्रिन्ट तथा डिजिटल मेडियाबाट सूचना प्रकाशन | ०.५०% | कार्यान्वयन खर्च |
| ५ | कार्यक्रम आन्तरिक अनुगमन एवं सुपरिवेक्षण | ०.५०% | कार्यान्वयन खर्च |
| ६ | समितिको बैठक संचालक | ०.५०% | कार्यान्वयन खर्च |
| | | १००.००% | |
| विशेष:- क.स. २ देखी ६ सम्मको रकम खर्च हुन नसकेमा क.सं. १ को शीर्षकमा थप हुनेछ । | | | |

८. कार्यक्रम संचालक समिति गठन (१) कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको एक कार्यक्रम संचालक समिति गठन हुनेछ।

क. अध्यक्ष :- रोजगार सूचना केन्द्रको कार्यालय प्रमुख

ख. सदस्य :- अर्थ मन्त्रालयको अधिकृत प्रतिनिधि

ग. सदस्य :- गृह संचार तथा कानून मन्त्रालयको अधिकृत प्रतिनिधि

घ. सदस्य :-आमन्त्रित दुई वटा जिल्लाका यातायात कार्यालयका अधिकृत प्रतिनिधि

ङ. सदस्य :- लेखा अधिकृत श्रम तथा यातायात मन्त्रालय

च. सदस्य सचिव :- श्रम तथा रोजगार शाखाको शाखा अधिकृत

(२) समितिको अध्यक्षले आवश्यक ठानेमा प्राविधिक वा सरोकारवालाको रुपमा कुनै व्यक्ति वा संस्थालाई बैठकमा आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

९. संचालक समितिको काम, कर्तव्य र अधिकार:- (१) कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम संचालकका लागि निर्धारीत समयमा आवेदन मागका लागि कम्तिमा ७ दिने सूचना राष्ट्रिय स्तरको पत्रिकामा र मन्त्रालयको वेवसाईटमा प्रकाशन गर्ने ।

(ख) लाभग्राहीले आवेदन अनलाइन वा सम्बन्धित व्यक्ति स्वंम उपस्थित भई मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा दर्ता गराउन सक्नेछ ।

(ग) वास्तविक लाभग्राही छनौट गर्ने र सोको लागि निष्पक्ष प्रस्ताव मूल्याङ्कनको वातावरण बनाउने।

(घ) ई-रिक्सा ई-लोडर प्रासिका लागि छनौट भएका योग्य लाभग्राहीले सेवा प्राप्त गरे नगरेको सुनिश्चित गर्ने गराउने।

(ङ) लाभग्राहीले प्राप्त गरेको ई-रिक्सा ई-लोडर को सहि सदुपयोग गरे नगरेको साथै कार्यक्रमले लक्ष्य प्राप्त भए नभएको सुनिश्चित गर्ने ।

(च) कार्यक्रमको नियमित अनुगमनका तथा सुपरिवेक्षणका लागि आवश्यक व्यवस्थापन, निर्देशन तथा सल्लाह सुझाव प्रदान गर्ने ।

(छ) लाभग्राही छनौटका लागि परेका योग्य आवेदनहरु स्वीकृत गर्ने ।

(ज) ई-रिक्सा बिक्रि वितरण गर्ने र ऋण प्रदान गर्ने वित्तीय संस्थाहरु विच समन्वय गरी सम्वन्ध विकास गर्न पहल गर्ने ।

(झ) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सबै प्रयास, पहल एवं कार्यहरु गर्ने गराउने।

(२) उपदफा (१) का अतिरिक्त मन्त्रालयले तोकेको अन्य कामहरु पनि समितिले संपादन गर्नेछ ।

१०. **आवश्यक व्यवस्था मिलाउने :-** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा श्रम तथा यातायात मन्त्रालयले बाधा अड्काउ फुकाउने आवश्यक व्यवस्था मिलाउने छ ।

११. **कार्यविधिको पालना गर्नुपर्ने:** (१) समिति, लाभग्राही एवं कर्मचारीले आफ्नो कार्यक्रम संचालनको क्रममा यो कार्यविधिको समेत पालना गर्नु पर्नेछ।

(२) यस कार्यक्रमको कार्यक्षेत्र भित्र पर्ने यातायात कार्यालयहरु, सबै स्थानीय तहहरु, ई-रिक्सा बिक्रि वितरण गर्ने निजी फर्म एवं कम्पनीहरु तथा वित्तीय संस्थाहरुले यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

(३) कार्यक्रमसंग सम्वन्धित सम्पूर्ण व्यक्तिहरुले यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

(४) कसैले झुठ्ठा विवरण पेश गरी अनुदान रकम लिएको पाएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

मन्त्री

युवराज अधिकारी
प्रदेश सचिव

अनुसूची १

श्रम तथा यातायात मन्त्रालय

मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि -२०८२

(कार्यविधिको दफा ५ को बुदा (२) संग सम्वन्धित)

"आवेदन फारम"

| आवेदकको हालसालै खिचेको तस्वीर |
|---|

## कार्यक्रममा सहभागि हुने व्यक्तिकालागि आवेदन फारम

| (क) व्यक्तिगत विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आवेदकको पुरा नाम | | | | लिङ्गः | | | |
| बुवाको नामः | | | आमाको नामः | | | | |
| वैवाहिक अवस्थाः | | जन्म मितिः- | YYYY/MM/DD | जातिः | | प्राथमिकता समुह | |
| परिवार सदस्य संख्या | महिला सदस्य | | पुरुष सदस्य | | परिवारको कुल सदस्य संख्या | | |
| स्थानीय तहको नामः- | | बार्ड नं. | | टोलः- | | | |
| सम्पर्क नं.:- | | शैक्षिक अवस्थाः- | | | | | |
| नेपाली नागरिकता नं. | | पासपोर्ट नं. | | | | | |
| के तपाईको कुनै परिवार सदस्य वैदेशिक रोजगारीमा ज्यान गुमाएको छ ? छ भने को | | | | | | | |
| तपाईसंग ई-रिक्सा चलाउने सीप छ। छैन? छ भने | छ | | छैन | | | | |
| चालक अनुमति पत्र लिनु भएको उल्लेख गर्नुहोस | चालक अनुमति पत्र छ | | चालक अनुमति पत्र छैन | | | | |
| (ख) रोजगारीको अवस्था टिक लगाउनुहोस | | | | | | | |
| म बेरोजगार छु | म स्व-रोजगार छु | म आंशिक स्व-रोजगार छु | म वैदेशिक रोजगारीबाट फिर्ता आएको छु | | | | |
| पूर्ण वा आंशिक स्व-रोजगार हुनुहुन्छ भने कार्य उल्लेख गर्नुहोस | | | | | | | |
| (ङ) तपाईले ई-रिक्सा कुन सहरमा चलाउन चाहेको हो? उल्लेख गर्नुहोस | | | | | | | |
| (च) के तपाईले ई-रिक्सा चलाउन चाहेको स्थानीय तह बाट अनुमति लिन सक्नु हुन्छ ? | सक्छु | सक्दिन | | | | | |
| (छ) तपाईले गर्न चाहेको ई-रिक्सा सवारी सेवा कार्यमा लगानिको अवस्था कति गर्ने? | | | | | | | |

(ज) अघिल्लो तिन आ.ब.मा तपाईले सरकार अन्तर्गतका निकाय वा संघ संस्थाहरुबाट कुनै अनुदान लिनु भएको छ / छैन? यदि छ भने कुन निकाय वा संस्थाबाट के, कहिले, कति लिनु भएको छ ?

| निकाय/संस्था | अनुदान लिएको वर्ष | अनुदानको विषय | रकम रु. |
|---|---|---|---|
| | | | |

म स्वयंम् द्वारा मेरो बारेमा माथि उल्लेख गरिएका सम्पूर्ण विवरणहरु सत्य हुन। फरक परेमा म अनुदान लिन अयोग्य ठहर हुनुका साथै कानुन अनुसारको सहुँला बुझाउँला । यस कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भएको खण्डमा आफ्नो लागि स्व-रोजगार श्रृजना आफै गर्नेछु साथै मन्त्रालयले जारी गरेको नियमानुसारका शर्तहरु मलाई मञ्जुर छ र सोको पालना गर्न प्रतिबद्ध छु।

| दायाँ | बायाँ |
|---|---|
| | |
| औंठा छाप | |

आवेदकको हस्ताक्षरः- ..............................

आवेदन गरेको मितिः- २०८२। ।

अनुसूची २

श्रम तथा यातायात मन्त्रालय

मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि -२०८२

(कार्यविधिको दफा ५ को उपदफा (क) को बुँदा (५) संग सम्बन्धित)

"वडा कार्यालय वा स्थानीय तहको प्रमाणीकरण सहित सिफारिस पत्रको खाका"

श्रीमान् सचिवज्यू

श्रम तथा यातायात मन्त्रालय जनकपुरधाम

मधेश प्रदेश सरकार

विषय:- प्रमाणीकरण सहित सिफारिस गरिएको सम्बन्धमा।

महोदय

जिल्ला ............. अन्तर्गत रहेका यस गाउँपालिका/ नगरपालिका/ उप-महानगरपालिका/ महानगरपालिका को वडा नं. .......मा पर्ने ............... टोल/वस्तीमा स्थाई बसोवास गरिरहेका वर्ष .... महिना..... उमेरका श्री ............. , यस वडाको आर्थिकरुपले पिछडिएको अति सापेक्ष गरिब एवं विपन्न रहेको प्रमाणित गरिन्छ । आवेदक श्री.................. को नाति/नतिना, श्री.................. को छोरा/बुहारी/श्रीमती, श्री/सुश्री.................. मेरो नजरमा तहाँ मन्त्रालयबाट सहयोग प्राप्त गर्न योग्य रहेको सिफारिस साथ उहाँको सन्दर्भमा तपसिल अनुसारको थप जानकारी पनि प्रमाणित गरी पठाईएको व्योहोरा अनुरोध छ ।

दस्तखत.............

नाम: .................

पद: मेयर वा उपमेयर, अध्यक्ष वा उपाध्यक्ष वा वडा अध्यक्ष

तपसिल

| क्र.स. | व्यहोरा | प्रमाणित गरिएको वर्तमान अवस्था (दुई बिकल्प भएको ठाउँमा कुनै एकलाई प्रमाणित गरि दिनुहोला) |
|---|---|---|
| १ | आवेदककी हालको उमेर | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको। |
| २ | शैक्षिक अवस्था | साधारण लेखपढ मात्र गर्ने |
| | | कक्षा .. सम्म अध्ययन रहेको । |
| ३ | जग्गा जमिन एवं घरवार भए नभएको । | सुकुम्वासी वा घरवार नरहेको । |
| | | परिवार बस्ने एक घरबाहेक सगोल परिवारको नाउँमा अन्यत्र कुनै जग्गा जमिन एवं घर वा सम्पति नभएको । |

अनुसूची ३

श्रम तथा यातायात मन्त्रालय

मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि -२०८२

(कार्यविधिको दफा ५ को उपदफा (ख) को बुंदा (४) संग सम्बन्धित)

"वडा कार्यालय वा स्थानीय तहको प्रमाणीकरण सहित सिफारिस पत्रको खाका"

श्रीमान् सचिवज्यू
श्रम तथा यातायात मन्त्रालय जनकपुरधाम
मधेश प्रदेश सरकार

विषय:- प्रमाणीकरण सहित सिफारिस गरिएको सम्बन्धमा।

महोदय

जिल्ला ............ अन्तर्गत रहेको यस गाउँपालिका/ नगरपालिका/ उप-महानगरपालिका/ महानगरपालिका को वडा नं. .......मा पर्ने .............. टोल/वस्तीमा स्थाई बसोवास गरिरहेका बर्ष .... महिना..... उमेरका श्री ............., यस वडाको आर्थिकरुपले पिछडिएको अति सापेक्ष गरिब एवं विपन्न रहेको प्रमाणित गरिन्छ । आवेदक श्री.................. को नाति/नतिना, श्री.................. को छोरा/बुहारी/श्रीमती, श्री/सुश्री................. मेरो नजरमा तहाँ मन्त्रालयबाट सहयोग प्राप्त गर्न योग्य रहेको सिफारिस साथ उहाँको सन्दर्भमा तपसिल अनुसारको थप जानकारी पनि प्रमाणित गरी पठाईएको व्योहोरा अनुरोध छ ।

दस्तखत.............
नाम: .................
पद: मेयर वा उपमेयर, अध्यक्ष वा उपाध्यक्ष वा वडा अध्यक्ष

तपसिल

| क.स. | व्यहोरा | प्रमाणित गरिएको वर्तमान अवस्था (दुई विकल्प भएको ठाउँमा कुनै एकलाई प्रमाणित गरी दिनुहोला) |
|---|---|---|
| १ | आवेदकको हालको उमेर | २० वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| २ | वैदेशिक रोजगारीको क्रममा निज आवेदकको श्रीमान/श्रीमती/छोरा/ बुहारी/ बुवा/आमा/दाईभाई र दिदि बहिनीसंग भएको शारिरीक एवं मानशिक क्षतिको अवस्था । | मानसिकघात वा मानसिकरुपले योग्य नरहेको । |
| | | प्यारालाईसिस वा दीर्घ रोगले ग्रसित वा असक्त रहेको |
| | | हाथ गोडा गुमाएको वा अंगभंग भएको । |
| | | ज्यान गुमाएको |
| ३ | वैदेशिक रोजगारीबाट फिर्ता आएको। (रिटर्निहरुका लागि मात्र) | मिति २० । । वैदेशिक रोजगारीबाट फिर्ता आएको |

मन्त्री

अनुसूची ४

श्रम तथा यातायात मन्त्रालय

मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि -२०८२

(कार्यविधिको दफा ५ को उपदफा (ग) को बुँदा (६) संग सम्बन्धित)

"वडा कार्यालय वा स्थानीय तहको प्रमाणीकरण सहित सिफारिस पत्रको खाका"

श्रीमान् सचिवज्यू
श्रम तथा यातायात मन्त्रालय जनकपुरधाम
मधेश प्रदेश सरकार

विषय:- प्रमाणीकरण सहित सिफारिस गरिएको सम्बन्धमा।

महोदय

जिल्ला ............... अन्तर्गत रहेको यस गाउँपालिका/ नगरपालिका/ उप-महानगरपालिका/ महानगरपालिका को वडा नं. .......मा पर्ने ............... टोल/वस्तीमा स्थाई वसोवास गरिरहेका वर्ष .... महिना..... उमेरका श्री ............. , यस वडाको आर्थिकरुपले पिछडिएको अति सापेक्ष गरिब एवं विपन्न रहेको प्रमाणित गरिन्छ । आवेदक श्री.................. को नाति/नातिना, श्री.................. को छोरा/बुहारी/श्रीमती, श्री/सुश्री................. मेरो नजरमा तहाँ मन्त्रालयवाट सहयोग प्राप्त गर्न योग्य रहेको सिफारिस साथ उहाँको सन्दर्भमा तपसिल अनुसारको थप जानकारी पनि प्रमाणित गरी पठाईएको व्योहोरा अनुरोध छ ।

दस्तखत..............
नाम: ..................
पद: मेयर वा उपमेयर, अध्यक्ष वा उपाध्यक्ष वा वडा अध्यक्ष

तपसिल

| क्र.स. | व्यहोरा | प्रमाणित गरिएको वर्तमान अवस्था (दुई विकल्प भएको ठाउँमा कुनै एकलाई प्रमाणित गरी दिनुहोला) |
|---|---|---|
| १ | आवेदकको हालको उमेर | ४० वर्ष पूरा भई ५५ वर्ष ननाघेको |
| २ | शैक्षिक अवस्था । | साधारण लेखपढ मात्र गर्ने |
| | | कक्षा .. सम्म अध्ययन रहेको । |
| ३ | जग्गा जमिन एवं घरवार भए नभएको । | सुकुम्वासी वा घरवार नरहेको । |
| | | परिवार वस्ने एक घरवाहेक सगोल परिवारको नाउँमा अन्यत्र कुनै जग्गा जमिन एवं घर वा सम्पति नभएको । |
| ४ | रिक्सा, ई-रिक्सा वा टेम्पु भाडामा लिइ चलाएको अनुभव | रिक्सा, ई-रिक्सा वा टेम्पु भाडामा लिइ विगत ....वर्ष देखि हाल सम्म चलाउदै आएको |

अनुसुची-५

श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश

मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि -२०८२

(कार्यविधिको दफा ६ को उपदफा (६) संग सम्वन्धित।

## अनुदान प्रापक र मन्त्रालय बीच हुने सम्झौताको नमूना

(सम्झौता नं. ..........)

आज मिति २०८२।०३। गतेका दिन श्रम तथा यातायात मन्त्रालय, जनकपुरधाम मधेश प्रदेश (यसपछि पहिलो पक्ष भनिएको) र अनुदान प्राप्त गर्ने मधेश प्रदेश, ............ जिल्ला, ............ गाउँ/नगर/उपमहानगर/पालिका वार्ड नं.......मा स्थाई बसोवास गरी रहेका ...................... (यसपछि दोश्रो पक्ष भनिएको) बीच तल उल्लेखित शर्तहरु दुबै पक्षलाई मान्य भई देहाय बमोजिमका सर्तहरुमा मञ्जुर गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक-एक प्रति लियौं दियौं।

| क्र.स. | शीर्षकहरु | शर्त तथा बिवरणहरु |
|---|---|---|
| १ | कार्यहरु | क. प्रथम पक्षले सम्झौता पत्रमा हस्ताक्षर भएपछी लगतै दोश्रो पक्षलाई स्पेसिफिकेसनको प्रति. १. सवारी साधन आपुर्तिकर्ताको सुची-१ र स्वीकृत स्पेसिफिकेसन अनुसारको ५० प्रतिशत रकम राशीको जमानत पत्र-१ उपलब्ध गराउनेछ ।<br>ख. दोश्रो पक्षले तिन चक्के अटोरिक्सा प्रथम पक्षबाट सिफारिस गरेको आपुर्तिकर्ताबाट स्पेसिफिकेसन अनुसार मूल्यको आधारमा आफुलाई पायक पर्ने ठाउँबाट ई-रिक्सा/ ई-लोडर खरीद गर्नेछ ।<br>ग. दोश्रो पक्षले तिन वर्ष सम्मको ग्यारेन्टी भएको व्याट्रिक सहितको चालक ~~सहित~~ न्यूनतम चार सिटेड ई-रिक्सा/ ई-लोडर खरीद गर्नु पर्नेछ ।<br>घ. दोश्रो पक्षले एक पटकको चार्ज पछि कम्तिमा १०० कि. मि. चल्ने ई-रिक्सा/ ई-लोडर मात्र खरीद गर्नु पर्नेछ।<br>ङ. थप ५० प्रतिशत सेवाग्राही स्वयंले तिर्न सक्ने अवस्था भएन भने सोको फाइनान्स गर्ने कार्यको जिम्मेवारी दोश्रो पक्ष स्वयंको हुनेछ ।<br>च. दोश्रो पक्षले सवारी साधन खरीद गरेको VAT बिल र रकम जम्मा गर्नु पर्ने बैंकको रद्द गरिएको चेकको प्रति प्रथम पक्षलाई उपलब्ध गराए पश्चात प्रथम पक्षले जमानत अनुसारको रकम उक्त बैंकमा जम्मा गरिदिने छ ।<br>छ. खरीद गरेको सवारी साधनको बिमा र सो सम्बन्धीत सम्पुर्ण कार्यहरु दोश्रो पक्ष स्वयंले गर्नेछ ।<br>ज. यसरी अनुदानमा खरीद गरेको सावरी साधन कम्तिमा ५ वर्ष सम्म बिक्री वितरण गर्न पाइने छैन । |
| २ | समयावधी | दोश्रो पक्षले यस सम्झौतामा उल्लेखित सम्पूर्ण शर्तहरु मिति २०८२।०३। गते देखि मिति २०८५।०३।३१ सम्म पालना गर्नु पर्नेछ । अन्यथा भएमा कानुन अनुसार हुनेछ। |

३।२१।८२

मन्त्री

| | | |
|---|---|---|
| ३ | सम्झौता प्रशासन | क. संयोजकः- पहिलो पक्षले यस कार्यक्रमका लागि रोजगार सूचना केन्द्रका संयोजक वा सम्बन्धित शाखा प्रमुखलाई संयोजक तोक्नेछ, संयोजकले यस सम्झौता अन्तर्गतको क्रियाकलापहरुको संयोजन, पहिलो पक्षबाट स्वीकृत शर्त र सूचना संकलनका लागि जिम्मेवार हुनेछ ।<br>ख. दोश्रो पक्षले खरिद गरेको सवारी साधन दर्ता गरी सो को प्रमाणित प्रतिलिपि-पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ । |
| ४ | सम्पतिको स्वामित्व | यस सम्झौता अन्तर्गत दोश्रो पक्षद्वारा खरिद गरिएको सम्पत्तिहरु दोश्रो पक्षकै सम्पतिको रुपमा रहनेछन् । |
| ५ | जिम्मेवारी | यस सम्झौतामा उल्लेख भएका सबै सर्तहरुको पालना गर्न दुवै पक्ष जिम्मेवार हुनेछन्। |
| ६ | सम्झौताको कानून र भाषा | सम्झौता नेपालको कानूनद्वारा प्रशासित हुनेछ र करारको भाषा नेपालीमा हुनेछ ।अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । |
| ७ | विवाद समाधान | यस सम्झौताको कार्यान्वयनको क्रममा पक्षहरुबिच कुनै विवाद उत्पन्न भएमा मन्त्रालयले दिएको निर्णय अन्तिम हुनेछ। |

**दोश्रो पक्षको तर्फबाट**

हस्ताक्षर .......................................

नामः-.......................................

ठेगाना.......................................

पदः- .......................................

मिति २०८२।०३।

**साक्षी**

हस्ताक्षर .......................................

नामः-.......................................

ठेगाना.......................................

**प्रथम पक्षको तर्फबाट**

(मन्त्रालयको तर्फबाट)

हस्ताक्षर .......................................

नामः-.......................................

पदः- .......................................

मिति २०८२।०३।

**साक्षी**

हस्ताक्षर .......................................

नामः-.......................................

ठेगाना.......................................

युवराज अधिकारी
प्रदेश सचिव

मन्त्री

अनुसूची-६

श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश

मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि -२०८२

(कार्यविधिको दफा ६ को उपदफा (६) संग सम्वन्धित)

"जमानत पत्रको नमूना"

मिति:२०८३।०३।

श्री ..........................................

..........................................

(ई.रिक्सा/ई.लोडर आपुर्तिकर्ता)

विषय : जमानत दिईएको सम्वन्धमा ।

मुख्यमन्त्री (CM) रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०८२ अनुरुप मधेश प्रदेश, ..............जिल्ला, ...................... गाउँ/नगर/उपमहानगर/पालिका वार्ड नं.......मा स्थाई बसोबास गरी रहेका श्री ............ नातनी/बुहारी/नाती श्री .....................को छोरी/बुहारी/छोरा नेपाली नागरिकताको प्रमाण पत्र नं.......................... भएका श्री ......................यस कार्यक्रम अन्तर्गत लाभग्राही छनौट हुन भएकोले निजले खरीद गर्न पाउने ई. रिक्सा/ई.लोडर को संलग्न स्वीकृत स्पेसिफिकेसन अनुसार ५० प्रतिशतले हुन आउने रकम रु. ..........। (अक्षरेपी रुपियाँ ....लाख.....हजार...... सय मात्र) कार्यविधिको दफा ६ को उपदफा (६) एवं अनुसूची ५ अनुसारको सम्झौता पत्रको क्र.स.१ को बुंदा (क) मा उल्लेख भए बमोजिम जमानत दिइएको छ । यी जमानत रकम प्राप्त गर्नको लागि उल्लेखित लाभग्राहीले तोकिए बमोजिमको सवारी साधन खरीद गरी सोको VAT बिलको प्रमाणित प्रतिलिपी र रकम पठाउनु पर्ने संस्थाको बैंक खाता नम्बर प्रस्ट देखिने चेकको पाना मिति २०८२।०३।२० गते भित्र उपलब्ध गराए पश्चात मन्त्रालय बाट रकम जम्मा गरिने व्यहोरा अनुरोध छ। तोकिएको मिति भित्र कागजात प्राप्त हुन नआएमा मन्त्रालय जिम्मेवार नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

..............................

मन्त्री

युवराज अधिकारी
प्रदेश मन्त्री